अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या :०२ मिति : २०८१।०१।१२

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

**अशक्त असहाय विपन्न सहायता कोष सञ्चालन कार्यविधि (पहिलो संशोधन) ,२०८१**

अशक्त असहाय विपन्न सहायता कोष सञ्चालन कार्यविधि (पहिलो संशोधन) ,२०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०१।०३

प्रस्तावना : लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न, अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग, बेवास्तामा परेका विपन्न ज्येष्ठ नागरिकको हित र कल्याणको लागि आर्थिक सहायता तथा स्वास्थ्य उपचारको लागि सहयोग दिन हाल कार्यन्वयनमा रहेको **'अशक्त असहाय विपन्न सहायता कोष सञ्चालन कार्यविधि, २०७६'** मा केही संशोधन गर्नुपर्ने भएकाले अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिकाको मिति २०८१।०१।०३ गते बसको बैठकले कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

१) **सङ्क्षिप्त नाम र प्रारम्भः-**

१) यो कार्यविधिको नाम अशक्त असहाय विपन्न सहायता कोष सञ्चालन कार्यविधि (पहिलो संशोधन) ,२०८१ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२) मुल कार्यविधिको दफा ३ को उपदफा १ र २ मा संशोधन :**

१) ' आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) क्यान्सर तथा यस्तै प्रकृतिका रोगलाई बुझाउने पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन ।' को सट्टा ' आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) क्यान्सर तथा अरुको सहायतामा दैनिक जिवन यापन गर्ने मानसिक रोगी वा यस्तै प्रकृतिका रोगलाई बुझाउने पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन ।' राख्ने ।

२) ' उपनियम (१) बमोजिम प्राप्त निवेदन माथि समितिले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी बढीमा रकम रू.३०,०००।— (तीस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।' को सट्टामा ' उपनियम (१) बमोजिम प्राप्त निवेदनमा विरामीको अवस्था हेरी बढीमा रकम रू.३०,०००।— (तीस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।' राख्ने ।

**३) मुल कार्यविधिको दफा ४ को उपदफा १ मा संशोधन :**

१) ' यौन हिंसाबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न समितिको निर्णयानुसार रकम रू.५०००।— (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।' सट्टामा 'यौन हिंसा, घरेलु हिसांबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न समितिको निर्णयानुसार रकम रू.१००००।— (दस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।' राख्ने ।

**४) मुल कार्यविधिको दफा ५ को उपदफा १ मा संशोधन :**

१) उपदफा १ मा रहेको 'रू.५,०००।— (पाँच हजार)' को सट्टा 'रू.१०,०००।— (दस हजार)' राख्ने ।

**५) मुल कार्यविधिको दफा ६ मा संशोधन :** दफा ६ मा रहेको 'रू.२०००।— (दुइ हजार)' को सट्टामा 'रु ५,०००।-' राख्ने ।

**६) मुल कार्यविधिको दफा ७ को उपदफा १ मा संशोधन :**

१) उपदफा १ मा रहेको 'कार्यपालिकाले मनासिव ठहराएमा एकमुष्ट रुपमा रकम रु.८०००।— (आठ हजार) ' को सट्टामा 'समितिले मनासिव ठहराएमा रु १५,०००।—( पन्ध्र हजार)' राख्ने ।

७) **मुल कार्यविधिको दफा ८ मा संशोधन :** दफा ८ मा रहेको 'रु ६०००।— (छ हजार)' को सट्टा 'रु १५,०००।— (पन्ध्र हजार)' राख्ने ।

८) **मुल कार्यविधिको दफा ९ खारेज :** दफा ९ मा भएको व्यवस्थालाई हटाउने ।

राजपत्रमा प्रकाशित मिति : २०८१।०१।१२

आज्ञाले,
अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत